# श्री सुर्केडाँडी सामुदायिक वन उपभोक्ता समूह

ऐरावती-६, प्यूठान

**सुर्केडाँडी सामुदायिक वन उपभोक्ता समूह ऐरावती ०६ प्यूठानबाट प्रकाशित काठ लिलाम बिक्री संवन्धि विस्तृत सूचना**

प्रथम पटक प्रकाशित मितिः २०८२।१२।२६

डिभिजन वन कार्यालय, प्यूठानको च.न. ८०७ मिति २०८२।१०।२२ को संकलन सहमति वमोजिम नियमानुसार संकलन गरी ऐरावती गा.पा. ०६ लादममा घाटगद्धि रहेको गोलिया काठ घाटगद्दीमा जेजस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्नु परेकोले सम्वन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ। ईच्छुक तथा रित पुगेका काठ दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरी संचालनमा रहेका र काष्ठ व्यवसायीले सुचना लुम्बिनी रिष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित मितिले २१ दिन भित्र बुँदा नं ३ मा तोकिएको निकायबाट बोलपत्र खरिद गरि २२औं दिनको दिन कार्यालय समय भित्र खरिद गरेको निकायमा दाखिला गर्न सकिने ब्यहोरा सुचित गरिन्छ।

१. वन पैदावारको विवरण

| क्र.सं. | लट नं. | प्रजाति | थान | परिमाण | राजस्व दर | न्यूनतम मूल्य | सङ्कलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | १ | खयर | ६१३ | ५५१.३४ | १००० | ५५१३४०।०० | ११८५००।०० | |

२. बोलपत्र खरिद तथा दाखिला गर्न पाइने अन्तिम मिति र समय
   a. खरिद गर्ने अन्तिम मिति २०८३।०१।१६ गते सोमवार कार्यालय समय भित्र
   b. दाखिला गर्ने अन्तिम मिति २०८३।०१।१७ गते मंगलवार दिनको ३ बजे भित्र

३. बोलपत्र फाराम रु १००० रकम (फिर्ता नहुने) तिरी डिभिजन वन कार्यालय, प्यूठानबाट र सामुदायिक वन उपभोक्ता समूहबाट खरिद गरी दाखिला गर्न सकिने छ ।

४. सिलबन्दी बोलपत्रसाथ बोलपत्रमा कबुल गरेको न्यूनतम सकार मूल्यको १०% ले हुने रकम यस समूहको नेपाल बैंक लिमिटेड खलङ्गा प्यूठान शाखामा रहेको खाता नं ०५२००१००७५२०५३००००१ मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा खिचिएको बैंक ड्राफ्ट वा मान्यता प्राप्त बैंकबाट जारी भएको कम्तीमा छ महिना अवधिको बैंक जमानत वा नगद संलग्न हुनु पर्नेछ।

५. लिलाम बिक्री हुने वन पैदावार सम्बन्धित घाटगद्धिमा गै हेर्न सकिने छ।

६. लिलाममा भाग लीन इच्छुक व्यवसायीले वन पैदावार (खयर काठ)को कारोबार गर्ने उद्देश्यले दर्ता गरिएको व्यवसाय दर्ताको प्रमाण, नेपाली नागरिकताको प्रमाणपत्र, र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणको प्रतिलिपि कर चुक्ताको प्रमाण तथा सूचीकृत प्रमाणपत्र बोलपत्रसाथ पेस गर्नुपर्ने छ ।

७. रीत पूर्वक पर्न आएको बोलपत्रहरू डिभिजन वन कार्यालय, प्यूठानबाट समेत प्राप्त भएपश्चात उपभोक्ता समूहको कार्यालयमा सव डिभिजन वन कार्यालय तथा स्थानीय तहको रोहबरमा खोलिनेछ ।

८. लिलाम स्वीकृतीको जानकारी बोलपत्रमा उल्लिखित ठेगानामा पठाइने छ। जानकारी पाएको मितिले सकार गरेको रकम, नियमानुसार लाग्ने संकलन खर्च तथा तोकिएका कर हरू कानुन बमोजिम तोकिएको अवधि भित्र रकम बुझाई जे जस्तो छ सोही अवस्थामा वन पैदावार उठाई लैजानु पर्नेछ।

९. सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ।

१०.सिलबन्दी भई नआएको, सम्बन्धित कार्यालयबाट बिक्री नभएको वा बोलपत्रको फोटोकपी दाखिला गरेको, जसको नाममा बिक्री भएको बोलपत्र फाराम हो, उसैको तर्फबाट दाखिला नगरेको, बोलपत्रदाताको छाप र हस्ताक्षर

नभएको कबोल अंकको १० प्रतिशत धरौटी समावेश नभएको र बोलपत्र आह्वानको सूचनामा तोकिएका अन्य सर्तहरू पुरा नभएको, बोलपत्र उपर कारवाही हुने छैन।

११.बोलपत्र, सिलबन्द गरी पेस गर्नुपर्ने छ र सिलबन्दी खाममा लट नम्बर ,पेस गर्ने फर्मको नाम, ठेगाना र मोबाईल नं (ईमेल ठेगाना भए सो समेत), र सुर्केडाँडी सामुदायिक वनको वन पैदावार लिलामको सिलबन्दी बोलपत्र भनी उल्लेख गरेको हुनुपर्ने छ।

१२.बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा लेख्नु पर्नेछ। अङ्क र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

१३.बोलपत्र स्वीकृत गर्ने वन नगर्ने संपूर्ण अधिकार उपभोक्ता समितिलाई हुनेछ।

१४.यसमा उल्लेख भएकोमा यसै बमोजिम र यसमा उल्लेख नभए जतिमा प्रचलित ऐन, नीति नियम ,निर्देशिका अनुसार हुने छ। प्रिन्ट मिस्टेक भै अन्यथा भएको अवस्थामा नियमानुसार हुनेछ।

१५.उपरोक्त उल्लिखित कुनै दिनमा विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन सोही अनुसार हुने छ ।

१६.यस विषयमा अन्य केही जानकारी आवश्यक परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिने छ।

ईति सम्वत २०८२ साल चैत्र २६ गते रोज ५ मा शुभम्